# मष्टा गाउँपालिका प्रशासीय कार्यविधि ऐन,
# २०७५

मष्टा गाउँपालिकाका
गाउँ कार्यपालिकाको कार्यालय
७ नं. प्रदेश, भातेखोला, बझाङ्ग

# मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५

**प्रमाणीकरण मितिः २०७५।०४।१३**

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५।०३।१९**

२०७५ सालको

<u>प्रस्तावनाः</u> नेपालको संविधान अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मष्टा गाउँपालिका सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यो ऐनको नाम "मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ रहेको छ ।"

(२) यो ऐन मष्टा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "ऐन" भन्नाले मष्टा गाउँपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मष्टा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मष्टा गाउँपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले संविधानकव धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३<u>. नियम बनाउने अधिकारः</u> (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेबारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मष्टा गाउँकार्यपालिका आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्रधिकार भित्र पर्ने विषयमा मात्र बनाउन पर्नेछ ।

४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः</u> (१) संविधान ऐन, तथा यस ऐन अन्तर्गत बनेको नियमाबलीकव अधिनमा रहि मष्टा गाउँ आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।